# गाउँको माया कथामा सीमान्तीयता

नवराज नेम्वाङ
(एम. फील), सहायक प्राध्यापक/मा.वि.शिक्षक
nabarajnembang0@gmail.com

## अध्ययनसार

*प्रस्तुत अध्ययन सीमान्तीय चेतनासँग सम्बन्धित छ । गाउँको माथा कथा सीमान्तकृत वर्गको अध्ययनमा केन्द्रित रहेको छ। यसले सदियौंदेखि आर्थिक, सामाजिक,राजनीतिक,शैक्षिक जस्ता क्षेत्रमा बञ्चित रही किनारीकृत भएर बाँच्न बाध्य वर्गको खोजी गर्दछ। यस अध्ययनले राज्यको मूलधारवाट बहिष्कृत, वर्ग, जाति, **लिङ्गको** पहिचान गरी समानअवसर र प्रतिनिधत्वमा आवाज उठाउँछ । कथाकार 'इस्माली' महेश्वरप्रसाद उपाध्यायले यस कथामा नेपाली तराई क्षेत्रमा स्थापित प्रभुत्त्वशाली संस्कृतिले परापूर्वकाल देखि गरिवलाई पुस्तौं पुस्ताँ वर्गीय किनारीकृतको सिकार वनाएको अवस्था चित्रण गरेका छन् । नेपालका तराई भूभागमा समाजका उच्च ठालु मानिएका व्यक्तिहरूले गरिव, कामदारहरूलाई अन्याय,अत्याचार दमन गर्दै आएका छन् । कथामा परम्परावादी प्रभुत्ववादी मान्यताको विरोध जनाउन उत्पीडित वर्ग एकजुट हुँदै प्रतिरोधी चेतनाको विकास हुँदै गरेको प्रसङ्ग समेत प्रस्तुत अध्ययनमा निष्कर्ष निकालिएको छ ।*

**प्रमुख शब्दावलीहरू** प्रतिनित्त्व, किनारीकृत,प्रतिरोधी चेतना, प्रभुत्त्वशाली।

## १. विषय परिचय

प्रस्तुत अध्ययनको शीर्षक "गाउँको माया" कथामा सीमान्तीयता रहेको छ । कथाकार 'इस्माली', महेश्वरप्रसाद उपाध्यायद्धारा लिखित "गाउँको माया" कथा सामाजिक यथार्थवादी चिन्तनमा आधारित छ । उनको विशेष योगदान आख्यान विधामा रहेको देखिन्छ । उनका प्रकाशित कृतिहरूमा—उपन्यासहरू सेतो आतङ्क, जिरो माइल, उनीहरूको पुरुषार्थ, कथा सङ्ग्रहरूमाः माछोमाछो भ्यागुतो, अर्को एउटा पृथ्वी, घाम घामजस्तो, चिन्ता, इस्मालीका प्रतिनिधि कथा रहेका छन्। उनका कथामा नेपालको ग्रामीण तराई क्षेत्रमा जमिनदार वर्गले निम्न किसान वर्गलाई श्रमशोषण गरेको र त्यस्ता अन्याय, अत्यचाबाट ती वर्ग मुक्ति पाउनुपर्छ भन्ने सुधारवादी विचार पाइन्छ । तत्कालीन समाज व्यवस्थाले सिर्जना गरेको संस्कृतिले वर्गीय दृष्टिले किनारीकृत हुन पुगेका आवाज नसुनिएकाहरूको अवस्था यस कथामा उजागर गरिएको छ। सांस्कृतिक अध्ययन अन्तर्गत एक नवीन सैद्धान्तिक

अवधारणा सीमान्तीयअध्ययन हो।यो सन् १९८० पछि सिमान्तकृत वर्गको इतिहास लेखनमा देखा परेको मान्यता हो।यसले राज्यको मूलधारको प्रवाह भन्दा बाहिर रहेको वर्गीय,जातीय,लैङ्गिक वर्गहरूको किनारीकृत अवस्थालाई सङ्केत गर्छ।यस नवीनतम अवधारणाको सर्वप्रथम प्रयोग नव मार्क्सवादी तथा साँस्कृतिक इटालेली चिन्तक आन्तोनियो ग्राम्सीद्वारा गरिएको हो। सीमान्तीयता शब्दले सदियौं देखि शासित,आवाजविहीन तथा इतिहासविहीन वर्गलाई जनाउँछ (श्रेष्ठ, २०६८, पृ. १) अहिलेको स्थापित समाज आदिम समयदेखि नै शक्तिशाली र कमजोर गरी दुई वर्गमा विभाजित भई शक्ति सङ्घर्षबाट विकसित भएको हो। यस क्रममा शक्तिशाली वर्ग सधैं केन्द्रमा रह्यो र आफ्नो अनुकूल नीति, नियम,आदर्श, मूल्यमान्यता स्थापित गर्‍यो । त्यस्ता शक्तिशाली वर्ग प्रभुत्त्वशाली वर्गका रुपमा कहलियो र अर्को बहिस्कृत वर्ग सधैं किनारीकृत भई विभेदको शिकार भइरह्यो । त्यसैको परिणाम एउटा ठुलो समुदाय वर्गीय, जातीय, लैङ्गिक राजनीतिक, शैक्षिक आदि दृष्टिले पछाडि पर्‍यो यसरी यिनै आधारमा पछाडि पारिएको समुदाय नै सीमान्त समुदाय हो र उनीहरूसँग सम्बन्धित अध्ययन नै सीमान्तीय अध्ययन हो।कथामा परम्परावादी प्रभुत्वशाली मान्यताको विरोध जनाउन उत्पीडित वर्ग एकजुट हुँदै प्रतिरोधी चेतनाको विकास हुँदै गरेको प्रसङ्ग समेत प्रस्तुत अध्ययनमा निष्कर्ष निकालिएको छ ।नेपालको तराई क्षेत्रका मधेशी समुदायका मानिस सदियौं देखिका शोषण दमनबाट ग्रसित छन्।जमिनदार वर्गको उत्पीडनबाट मुक्त गर्ने उद्देश्य प्रस्तुत कथाको रहेको छ।

प्रस्तुत अध्ययनमा गाउँको माया कथाको सास्कृतिक अध्ययन, गाउँको माया कथामा विश्वदृष्टि, गाउँको माया कथाको समाजशास्त्रीय अध्ययन जस्ता पक्षबाट पनि अध्ययन गर्न सकिने भए तापनि यसमा गाउँको माया कथामा सीमान्तीय अध्ययन गरिएको छ ।यस अध्ययनको लागि सामग्री सङ्कलनका गर्न पुस्तकालीय स्रोतलाई प्रमुख आधार बनाइएको छ।त्यस्तै गरी कथाको अध्ययन विश्लेषणका लागि पश्चिमी समालोचना चिन्तनमा विकसित सीमान्तीयताको सैद्धान्तिक मान्यतालाई पनि आधार मानिएको छ ।

## २. सैद्धान्तिक पर्याधार

सीमान्तीय चिन्तन उत्तर आधुनिकतावादी नवीन धारणा हो।सीमान्तीय अध्ययनको सैद्धान्तिक धारणा ग्राम्सी, गुहार, स्पिभाक जस्ता विचारकहरूको अग्रणी भूमिका रहेको पाइन्छ । सीमान्तीय अध्ययन राज्यको मूलधारबाट सदियौं देखि किनारीकृत भएका

वर्गहरूको अध्ययनलाई जनाउँछ ।कुनै पनि समाज शासक र शासित वर्गबाट सञ्चालित हुन्छ । सीमान्तीय शासित वर्गको अध्ययनसँग सम्बन्धित छ।शासितहरू शक्तिकेन्द्रबाट वा प्रभुत्त्वशाली संस्कृतिवाट उत्पीडनमा परेका हुन्छन् । उनीहरूलाई लिङ्ग,जात, वर्गका आधारमा केन्द्रको मूलधारबाट किनारीकृत गराइएको हुन्छ । ती उत्पीडनमा परेका वर्ग कुनै न कुनै रुपमा शासकवाट उत्पादन र वितरण प्रणालीमा हेपिएका हुन्छन् ।उत्पादन पहुँचमा प्राप्त गर्नु पर्ने लाभबाट शासित सधैं किनारीकृत हुनु पर्दछ ।प्रभूत्त्वशाली संस्कृतिले लादेको ज्ञान र सत्यलाई स्वीकार्न वाध्य पारिएको हुन्छ।उनीहरु आवाज विहिन हुन्छन्,शासक वर्गको विरोध पनि गर्न सक्दैनन् ।उनीहरुको आवाज दबाइएको हुन्छ।उत्पीडित वर्गको सङ्गठित आवाजलाई सम्बोधन गरिँदैन ।

सीमान्तीय शब्दले सामान्यतयः वर्ग, लिङ्ग, जाति, धर्म, भाषा, क्षेत्र तथा अन्य हरेक हिसाबले विभेद गरिएको शोषण र उत्पीडनका शोषित भएका वा अत्याचार सहन बाध्य भएका व्यक्ति वा समुदायलाई जनाउँदछ।वर्तमान अवस्थामा सीमान्तीयताले सामाजिक, सास्कृतिक, आर्थिक, राजनीतिक, भौगोलिक, पेशागत, लैङ्गिक, भाषिक जस्ता हरेक हिसाबले तल पारिएका वा परेका वर्ग समुदायलाई बुझाउँछ ।

सीमान्तीय शब्द सर्वप्रथम इटालीका साँस्कृतिक चिन्तन आन्तोनियो ग्राम्सीद्धारा प्रयोग भएको हो । यो सबाल्टर्न शब्दले सदियौं देखि शासित आवाजविहीन तथा इतिहासविहीन वर्गलाई जनाउँछ ।(श्रेष्ठ, २०६८) यसरी सीमान्तीय वर्ग भनेको हरेक किसिमले निम्न दर्जाका व्यक्ति समुह हो, र उनीहरूको समाजमा आर्थिक प्रणालीमा महत्वपूर्ण भूमिका रहे पनि ती वस्तुको उपभोगका दृष्टिकोणमा चाहिँउपेक्षित रहेका छन् ।यसर्थ यो वर्ग स्वयम्ले बौद्धिक क्षेत्रका लेखक सर्जकहरूले सीमान्तीय अध्ययनहरूलाई अघि बढाएका छन् । सन् १९८२ देखि दक्षिण एसियमा सीमान्तीय अभियान समूह इतिहासविद्व रञ्जित गुहाको नेतृत्वमा सञ्चालन भएको (श्रेष्ठ, २०६८) हो ।उच्च वर्गको इतिहासको लेखनबाट वास्तविक इतिहास लेखन हुन नसेकेको तथ्य औंल्याउँदै त्यो समूहले इतिहास लेखनको पूर्व मान्यतालाई चिर्दै भारतको इतिहासभित्र दमित,मौन र वाचाल इतिहासको खोजी थाल्यो सीमान्तीय वर्ग समाजको सबै भन्दा तल रहेको भए पनि उत्पादनको क्षेत्रमा महत्त्वपूर्ण भएर पनि उपभोक्ताका अवस्थामा भने उसको महत्त्व किनारामा पुगिसकेको छ। यसरी सिमान्तकृत बनाउँदै आएको तथ्यलाई प्रस्तुत गर्ने उद्देश्यले यो वर्गको इतिहास लेखनमा यो समूहले प्रमुख जोड दिएको पाइन्छ।

प्रतिनिधित्वका सन्दर्भमा स्कोलले पाठको शक्तिका आधारमा कुनै पनि कृतिको अध्ययन व्याख्या र विश्लेषण वा सीमान्तकृत वर्गको विषयलाई वा प्रतिनिधित्वको मुद्दालाई

नवीन ढङ्गले अध्ययन गर्न सकिने आधारहरु देखाउदैं कृतिमा सीमान्तकृत वर्गको अप्रतिनिधित्व भए पनि यसैलाई मुद्दा बनाएर डिस्कोर्स निर्माण गरी सबाल्टर्न अध्ययन गर्न सकिन्छ। साथै सीमान्तकृत मैत्री कृति भए अझबढी स्पष्टसँग अध्ययन गर्न सकिन्छ भनेका छन् । यसरी हेर्दा नेपाली राजनीतिक संरचनामा सामन्तवादी शक्ति केन्द्रित हैकमवादी प्रवृत्ति लामो समय सम्म रहेकोले त्यसको प्रभाव स्रष्टा र कृतिमा परेका पाइन्छ।त्यसैले नेपाली साहित्यमा तत्कालीन समयमा सीमान्त समुदायका आवाजहरू दबिएर रहेको अवस्थामा झिल्का झिल्की मात्र प्राप्त गर्न सकिएला भने वर्तमान अवस्थामा सीमान्त मैत्री कृति पनि रचनाहुन थालेको पाइन्छ फलतः नेपाली साहित्यको विशेषतामा पनि सीमातीय अध्ययनका थुप्रै आधारहरू पाइन्छ (सुवेदी, २०६८) शासित वर्गको वकालत गर्ने क्रममा हैकम र प्रभुत्त्वको नवीन अर्थसँग जोडने गरेकाछन्।शासितहरु शासकहरूबाट शासित भई रहन तयार भएको अवस्थालाई हेजोमोनी भनेका छन् ।जसलाई नेपालीमा अधिनस्थ वर्ग भनिन्छ । त्यस्ता अधिनस्थ वर्गहरू धर्म, राष्ट्रियता, बजार लगायत संस्कृतिका विभिन्न क्षेत्रहरूमा जरा गाडेर रहेका वैचारिकीहरूलाई आत्मसात गरी शासित हुन स्वीकार गर्दछन् (उप्रेती, २०६८, पृ. १७१)। केन्द्रीकृत व्यवस्थाले किनारीकृत वनाइएका वर्गहरूको योगदान र उनीहरुको दबाइएका आवाजलाई बुलन्द पार्ने उद्देश्यले प्रस्तुत कथाको अध्ययन गरिएको छ।

उच्च वर्गको इतिहासको लेखनबाट वास्तविक इतिहास लेखन हुन नसेकेको तथ्य औल्याउँदै त्यो समुहले इतिहास लेखनको पूर्व मान्यतालाई चिर्दै भारतको इतिहासभित्र दमित,मौन र वाचाल इतिहासको खोजी थाल्यो सीमान्तीय वर्ग समाजको सबै भन्दा तल रहेको भए पनि उत्पादनको क्षेत्रमा महत्त्वपूर्ण भएर पनि उपभोक्ताका अवस्थामा भने उसको महत्त्व किनारामा पुगिसकेको छ। यसरी सिमान्तकृत बनाउँदै आएको तथ्यलाई प्रस्तुत गर्ने उद्देश्यले यो वर्गको इतिहास लेखनमा यो समुहले प्रमुख जोड दिएको पाइन्छ ।

## ३. आख्यान सन्दर्भ

गाउँको माया कथा ग्रामीण तराई परिवेशमा आधारित सामाजिक कथा हो।नेपालको तराई समाजमा जमिनदार वर्गले श्रमिक वर्गलाई उत्पीडन गरेको पृष्ठभूमि कथाको मूल वर्ण्य विषय हो । कथामा मुख्य पात्र कृष्ण दुई वर्ष पछि शहरबाट आफ्नो गाउँ फर्कँदा विगत र वर्तमानमा भएका अनेक घट्ना स्मृति गरेका छन् । जन्मभूमिप्रतिको अगाध माया कथामा व्यक्त भएको पाइन्छ र दुई वर्षको समयको अन्तरालमा गाउँका अशिक्षित वर्ग

समेत परिवर्तनको चाहना राख्ने प्रयास गरिरहेको सन्दर्भ रबिन हुडको नाटक रिहर्सनले पुष्टि गरेको छ । कथामा ग्रामीण सिधासादा नागरिकलाई जमिनदार साहुमहाजनले गरिबीको फाइदा उठाई हदैसम्मको अत्याचार गरी फुटाउ र शासन गर भन्ने नीति शासक वर्गले शासित वर्गप्रति लादेको देखिन्छ ।

शहर गई पढेका कृष्ण भाइको चिठीमार्फत गाउँका मानिसहरु विस्तारै चेतनाको स्तर जागृत भएको अब गाउँलेहरुमा पनि जीवनको मूल्य बोध हुँदैं गरेको थाहा पाउँछन् । यसमा आख्यानकारको सीमान्तकृत वर्गप्रतिको सहानुभूति र समाज परिवर्तनको चाहना पनि हो । कथामा जमिनदारको घरमा जीवनभरि हली गोठालो भई जीवन बिताउनु पर्ने बाध्यात्मक अवस्थाको कारुणिक चित्रण पाइन्छ। परिछन, बुधना, बखतबहादुर जस्ता सिधासोझा जनता उच्च कुलीन ठालुहरूका कारण शोषण र दमनमा परेको कथामा देखाइएको छ । ती सर्वहारा श्रमिकहरू शासित वर्गबाट किनारीकृत भएका छन् । शक्ति र पहुँचको आडमा पुस्तौंपुस्ता श्रमजीवी वर्गलाई बाजे, बावु र छोरामा एउटै प्रकृतिको श्रम हस्तान्तरण गरिएको विषय कथामा चित्रित छ । यस अध्ययनमा अधिनस्थ वर्गद्धारा किनारामा पारिएका सीमान्तकृत वर्गको जीवन कारुणीक पारिएको अवस्था उजागर गरिएको छ । यसरी सीमान्तकृत गरिएका, राज्यले वेवास्ता गरेका यस कथाका पात्रहरू सीमान्तीय अध्ययन भित्र समेटिएका छन् ।

## ३.१.'गाउँको माया' कथामा सीमान्तीय वर्गको पहिचान

कथाकार इस्मालीद्वारा लिखित "गाउँको माया" कथा सामाजिक यर्थाथवादी कथा हो । यो कथामा ग्रामीण तराई समाजका सिधासोझा किनारीकृत पारिएका नागरिक सीमान्तीय वर्गका रूपमा रहेका छन्। यस कथालाई वर्गीय, शैक्षिक ,राजनीतिक प्रतिरोध चेतना आधारमा सीमान्तीय सिद्धान्तका कोणबाट अध्ययन, विश्लेषण गर्न सकिन्छ।

### ३.१.१. वर्गीय आधारमा सीमान्तीयता

"गाउँको माया" कथाका कृष्ण, परिछन, बुधन,बखतबहादुर जस्ता पात्रहरू सीमान्तीय पात्र हुन् । यस कथामा वर्गीय दृष्टिले ठालु सामन्तहरूबाट शोषित पीडित पात्रहरू रहेका छन् । नेपालको तराई ग्रामीण समाजमा जमिनदार वर्गहरूले सदियौं देखि त्यहाँका गरिब, किसान वर्गलाई पैसा र शक्तिका आडमा उत्पीडन गरेका छन् । कृषि उत्पादन वितरण प्रणाली असमानपूर्ण रहेको पाइन्छ।उत्पादन कार्यमा सक्रिय सहभागी जनाउने श्रमिक किनारीकृत पारिएका छन्।उत्पादन कार्यमा निष्क्रिय जमिनदार केन्द्रमा रहेका छन् । उत्पादन वर्ग सधैं गरिबको गरिब नै रहेका छन् भने जमिनदार सधै धनीको धनी नै रहेको देखिन्छ । गाउँका साहु महाजनले परिछन जस्ता सिधासोझा मानिसलाई दास बनाई श्रमशोषण गरी ज्यालामा समेत ज्यादै न्युन पारिश्रमिक दिई सानो छँदा गोठालो ठुलो

भएसँगै हली बन्नु पर्ने बाध्यता प्रस्तुत कथामा निम्न साक्ष्यहरूले यस भनाइलाई पुष्टि गर्दछ। परिछनको छोरो पनि बाउको बिंडो थाम्दै पछि,अलि उमेरदार भए पछि हली बस्ला परिछन पनि पहिले गोठालो थियो, लगभग छ सात वर्षको उमेर देखि। चौध पन्ध्रको किशोर वय नहुँदै बनी कमाउन थाल्यो र पछि हली बस्यो, सायद ज्यालादारीमा ।

यी उल्लिखित साक्ष्यबाट के प्रस्ट हुन्छ भने जमिनदार धनिवर्गले आर्थिक रुपमा गरिब वर्गलाई श्रमशोषण गरी अन्याय अत्यचार गरेको तथ्यलाई पुष्टि गर्दछ ।श्रमिक वर्गलाई उच्च जमिनदार वर्गले शोषण दमन गरी उनीहरूको जीवनलाई नै बन्धक बनाएको कारुणिक जीवन व्यथा कथामा चित्रण गरिएको छ । यस साक्ष्यले सो भनाईलाई थप पुष्टि गर्दछ ।"यसरी एवम् रीतिले यो परम्परा अनन्त परिछनहरूका बलिया पाखुरीबाट क्रमशः हस्तान्तरण हुँदै रहयो ।" नेपालको पश्चिमी तराई क्षेत्रमा वि.स.२०६३/०६४ को जनआन्दोलन पश्चात् हलिया ,कमैया प्रथा अन्त्य भएको थियो।हालमा पनि छिटफुट किनारीकृत वर्ग उत्पीडनमा परेका देखिन्छन्।सदियौं देखि ठालुहरूले तराई मधेशका जनतालाई कमैया,हलिया, वादी जस्ता प्रथाको नाममा पुखौंपुर्खा शोषण दमन गर्दै आएको वर्गीय असमानता कथामा चित्रित छ।कथामा परिछन, तराई ग्रामीण समाजको आर्थिक विपन्नपरिवारको प्रतिनिधिमूलक पात्र हुन् । उनको आर्थिक स्तर सामन्ती प्रथाको कारण उस्कन सकेको छैन। आर्थिक अवस्था न्युन रहेकोले आफ्नो जीवन हलो जोत्ने, घाँस काट्ने दाउरा चिर्ने जस्ता कार्यमा अनिवार्य व्यतित गर्नु परेको बाध्यात्मक स्थिति छ । यसरी तत्कालीन समाज व्यवस्थाले निर्माण गरेको प्रभुत्त्वशाली संस्कृरति कुनै हालतमा पनि सीमान्तीय वर्गप्रति सम्झौता गर्ने पक्षमा देखिँदैन् । प्रभुत्त्वशाली जमीनदारले निम्न किसान वर्गलाई वहिष्कृत गर्ने र उत्पीडन सहि रहन बाध्य बनाएको छ।कथामा परिछन, बुधना बखतबहादुर जस्ता बहुसंख्यक किसानहरू जमिनदार ठालुहरूको दबदबाको कारण नारकीय जीवन बाच्न बाध्य भएका छन् । सदियौं देखिको यस वर्गीय असमानतालाई सहनु हुँदैंन त्यसका लागि एकजुट भई विद्रोह गर्नुपर्छ भन्ने सीमान्तीय वर्गको आवाज कथामा चित्रण भएको छ ।

### ३.१.२.शैक्षिक आधारमा सीमान्तीयता

"गाउँको माया" कथामा शैक्षिक सीमान्तीय आवाज सशक्तताका साथ देखाइएको छ।यसको उत्पीडनमा परिछन,बुधना,बखतबहादुर जस्ता पात्र परेका छन्।उनीहरु प्रभुतत्त्वशाली वर्गको दबदबा र मिचाइमा परेर विद्यालय जान पाएका छैनन् । आर्थिक समस्याका कारण शैक्षिक किनारीकृत बन्न पुगेका यी पात्रहरू अशिक्षित वर्गका चरित्रका रुपमा रहेका छन्।शैक्षिक सीमान्तीय प्रतिनिधित्व गर्ने पात्र परिछनको जीवन दैनिकी रुपमा खेतजोत्ने, बाली लगाउने जस्ता कार्यमा व्यतित भएको छ । यसले गर्दा सानैदेखि विद्यालय देखेका छैनन्, विद्यालय जाने उमेरमा जमिनदारको घरमा चाकरी गरेर समय वितेको छ,जसले गर्दा आज अशिक्षित,अनपढको संज्ञा परिछनले आत्सात गर्नु परेको छ।शैक्षिक

रूपमा सीमान्त समुदाय हुन परेको वाध्य परिस्थिती परिछन र कृष्ण बिचको निम्न संवादबाट प्रस्ट हुन्छ। "तर एउटा कुरामा दुःख छ भाइ ! यस्तो बेलामा किसुन भाइ ! तिमी पनि गाउँमा हुँदा हौ त हामीलाई धेरै आडभरोसा मिल्थ्यो, बल मिल्थ्यो, आखिर हामी त मूर्ख र गँवार न हौ । तिमी लेखपढ गरेको मान्छे । तिमी भन्या गाउँको अभिमान हौं, हाम्रो इज्जत हौं"।यस साक्ष्यले शैक्षिक सीमान्तीयताको सिकार भई किनारीकृत बनाइएका कामदारको नारकीय जीवन बाँच्न बाध्य स्थितिको चित्रण गरिएको देखिन्छ ।

कथाको प्रमुख पात्र किसन शैक्षिक सीमान्तकृत वर्गबाट मुक्ति पाउनुमा टोलका मानिसहरुले उनको आमा बुबालाई छोरा चलाख छ,पढेलेखे भोलि केही गर्छ भनी सल्लाह दिएकोले पढन शहर पठाएको तथ्य प्रस्तुत छ। शिक्षाको अवसरवाट किनारीकृत पारिएका सिधासोझा किसान चेतनाको अभावका कारण केन्द्रीकृत सत्ताबाट उपेक्षित हुन परेको मर्मबोध पाइन्छ।ज्ञानको पहुँचबाट टाढा नहुने प्रयत्न सीमान्तकृत वर्गमा रहेको परिछनले भाइद्वारा लेखाइएको चिठीले स्पष्ट पारेको छ । "किसन भाइ ! तिमीहरू त लेखपढ गरेर ठुला मान्छे भयौं । सँगैका साथी हामी, लाग्छ धेरै पछाडि छुटिसक्यौं कठै तिमी पनि गाउँमा बसिदिंदा हौ त हामी जस्ता गँवारले पनि दुई चार कुरा जान्ने मौका पाउने थियौं।" सीमान्तकृत वर्गले शिक्षाको महत्त्व बुझेका छन् । केन्द्रीकृत ठालु संस्कृतिले निमुखा किसान वर्गलाई सम्पत्ति,शक्ति,संस्कृति,जाति, लिङ्गको नाममा अन्याय अत्यचार गरी शैक्षिक किनारीकृत बन्न बाध्य वनाएको माथिको साक्ष्यबाट निष्कर्ष प्रस्तुत गरिएको छ ।

### ३.१.३. प्रभुत्त्वशाली संस्कृति र सीमान्तीय वर्गको प्रतिरोध चेतना

"गाउँको माया" कथामा जमिनदार वर्गको ठालु संस्कृति र किसान वर्गको किनारीकृत उपेक्षा संस्कृति प्रस्तुत भएको छ।तराईको ग्रामीण समाजमा सामन्तवादी व्यवस्था जसको शक्ति र पैसाको आडमा उपल्ला भनिएका वर्ग, जातिले तल्ला वर्ग किसानहरुलाई अन्याय अत्यार गर्दै आएको छ । यस्ता तल्ला कामदारलाई शोषण,दमन गर्ने संस्कृति प्रभुत्त्वशाली संस्कृति भनिएको छ।प्रभुत्वशाली संस्कृतिले प्रताडित भएको कामदारको संस्कृति सीमान्तीय संस्कृति हुन्।यी दुई संस्कृति कथामा प्रस्तुत भएको छ ।

यस कथामा प्रभुत्त्वशाली संस्कृतिको प्रतिनिधित्व गर्ने जमिनदार ठालुहरु र त्यस्ता वर्गलाई प्रश्रय र मदत गर्ने फेकन र शनिचरले गरेको छ भने सीमान्तीय संस्कृतिको प्रतिनिधित्व परिछन,बुधना, बखतबहादुर जस्ता पात्रहरुले गरेका छन्।कथामा सीमान्तकृत वर्गको माग र आवाजलाई दवाउन प्रभुत्त्वशाली वर्गले सीमान्त वर्ग कै पात्र फेकन र शनिचरलाई प्रयोग गरेका छन्।यस साक्ष्यको आधारमा थप स्पष्ट पार्न सकिन्छ।"हामीले फेकन र शनिचरलाई अगुवा वनाएका थियौं।पछि उनीहरूले धोखा दिए र धनीहरूसँग मिले। चार चार मन धान दिन्छु भनेका थिए रे र त्यो लोभमा हडताल बिच्काइ दियो।" सीमान्तीय वर्गले आफ्नो हक अधिकार तथा काम अनुसारको दाम दिनु पर्छ भन्ने माग लिई गरेको हडताल

केन्द्रीकृत वर्गको लोभ लालचामा फेकन र शनिचरले विफल बनाएको तथ्य प्रस्तुत साक्ष्यमा चित्रण गरिएको छ । प्रभुत्त्वशाली वर्गको उद्देश्य सीमान्तकृत वर्गलाई सधैं हली गोठालो र मालिकको कृपामा जीवन चलाउन भन्ने सामन्तवादी विचार रहेको छ। यसरी कथामा सर्वहारा निमुखा वर्गको आवाजलाई दमन गर्न सीमान्तकृत वर्ग नै प्रभुत्वशाली वर्गले परिचालन गरेको पाइन्छ। कथामा सीमान्तीय वर्गको प्रतिरोधी चेतना सल्बलाउँदै गरेको सङ्केत स्पष्ट यी साक्ष्यबाट बुझ्न सकिन्छ। "आजकाल गाउँमा तीन पाटी भयो किस्ना। सदियौँदेखि जमिनदार वर्गले गरिव किसान,ज्यालादारीमा काम गर्ने श्रमिक वर्गलाई एकछत्र शासन गर्दै उनीहरूलाई श्रमशोषण गर्दै आएका थिए। अब उप्रान्त श्रमिक वर्गको न्यायका लागि पाटी स्थापना भएको उल्लिखित साक्ष्याबाट स्पष्ट हुन्छ । यो सीमान्तकृत वर्गको अन्याय सहनु हुन्नआफ्नै हक हितका लागि लडनुपर्छ भन्ने जनजागरणको अभियान समाज परिवर्तनको सङ्केत पनि हो ।

कथामा सिमान्तकृत वर्गले अन्यायको विरुद्धमा प्रतिरोध चेतना जागृत भएको अवस्था रबिन हुड नाटक रिहर्सलले र परिछनको आह्वानमा किसनले नाटक लेख्न तयारीले पुष्टि गरेको देखिन्छ । यहाँ प्रभुत्त्वशाली संस्कृतिले सीमान्तकृत वर्ग जातीय शैक्षिक, लैङ्गिक वर्गीय विभेदमा परेको र त्यसको प्रतिकारका निम्ति सङ्गठित बनेको तथ्य प्रस्तुत भएको छ। त्यसैले गाउँको माया कथामा सीमान्तकृत वर्गको प्रतिरोधी चेतनालाई मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादसँग सम्बन्धित गरी अन्त्यमा शासित वर्गहरु प्रभुत्त्वशाली वर्गको उत्पीडनबाट मुक्त हुने न्यायपूर्ण समतामूलक समाज निर्माणमा अग्रसर भएको सबल पक्ष रहेको छ ।

## ३.१.४. लेखकको सीमान्तीयप्रतिको दृष्टिकोण

महेश्वरप्रसाद उपाध्याय न्यायपूर्ण समाजको चाहना राख्ने प्रगतिवादी कथाकार हुन् । गाउँको माया कथा सामाजिक प्रगतिवादी कथा हो। उनले पश्चिमी तराई क्षेत्रमा घटेका वास्तविक घटनालाई पात्र, परिवेशको जीवन्त चित्रणद्वारा सीमान्तमैत्री विचार व्यक्त गरेका छन् । कथामा प्रभुत्त्वशाली जमिनदार वर्गले गरिब सीमान्तीय वर्गलाई अत्याचार गरेको देखाइएको छ। कथामा परिछन, बुधना, बखतबहादुर सीमान्तकृत पात्र र जमिनदार ठालुहरु प्रभुत्त्वशाली पात्रका रूपमा रहेका छन्। कथाकारले सीमान्तकृत वर्गप्रति सहानुभूति व्यक्त गरेका छन्। उनले किसन, परिछन पात्रका माध्यमबाट राज्यको मूल धारमा रहेको प्रभुत्त्वशाली सँस्कारको विरोध जनाएका छन् ।कथामा सीमान्तकृतमैत्री चरित्र केन्द्रीकृत अत्याचारको उत्पीडनमा परेका छन्। त्यस्ता तानाशाही व्यवस्थाको विरोध एकजुट भई गर्न तत्पर रहेको तथ्य आएको छ। द्वन्द्वात्मक उत्कर्षतालाई चरमविन्दुमा पुऱ्याई क्रान्ति गर्न सङ्गठित भएको अवस्था कथाकारले देखाएकोले कथाकार सीमान्तमैत्री रहेको पाइन्छ ।

## ३.२. निष्कर्ष

कथाकार महेश्वरप्रसाद उपाध्यायद्धारा लिखित "गाउँको माया" कथा प्रगतिवादी कथा हो।यस कथामा गरिव किसान,कामदारको जीवनको जटिलतालाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । यस कथालाई सीमान्तीय सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ।यसका लागि सीमान्तकृत समुदायका वर्गीय, जातीय, लैङ्गिक शैक्षिक, सीमान्तकृप्रतिको लेखकको दृष्टिकोणलाई विश्लेषणको प्रमुख आधार बनाइएको छ।त्यसैले यो सीमान्त मैत्री कथा हो।यस अध्ययनले राज्यको मूलधारबाट सदियौं देखि किनारीकृत भएका वर्गहरूको अध्ययनलाई जनाउँछ।पश्चिमी ग्रामीण तराईका जमिनदारहरूले गरिव किसानहरूलाई उत्पीडनमा पारेका घटना कथामा चित्रण भएको छ।यस्ता उत्पीडनमा बाँचेका किसन, परिछन जस्ता पात्रहरू आर्थिक, जातीय, लैङ्गिक,शैक्षिक विभेदमा परेका छन्।जमिनदार वर्गले शक्ति र पहुँचको दबदबामा गरिव किसान वर्गलाई श्रमशोषण गरेका छन् । उत्पादन कार्यमा सक्रिय सहभागिता जनाउने श्रमिक वर्ग किनारीकृत पारिएका छन् । किसान श्रमिक वर्ग जमिनदार ठालुहरूको नियन्त्रणमा परेका छन् ।धनी सधैं धनी गरिब सदा गरिब हुने परिपाटी स्वीकार्न विवश भएका यी वर्ग कारुणिक जीवन बाँच्न बाध्य रहेका छन्।कथामा परिछन,बुधना, जस्ता पात्र शैक्षिक रूपमा प्रताडित भएका छन्।केन्द्रीय प्रभुत्त्वशाली सँस्कारका कारण समान शिक्षा वितरण प्रणाली हुन सकेको छैन, जसले गर्दा सीमान्तकृत वर्गको शैक्षिक अवस्था अत्यन्त नाजुक रहेको छ। यस कथाले सीमान्तकृत वर्गको जागरण सिर्जना गरी प्रभुत्त्वशाली संस्कृतिको विरोध गर्दै त्यस उत्पीडनकारी संस्कृतिको अन्त्य गरी सीमान्तीयलाई माथि उठाउनेप्रयत्न गरिएको छ। नेपालको ग्रामीण तराई परिवेशको सामाजिक घट्ना तथा द्वन्द्वको उत्कर्षले किनारीकृत वर्गको हक अधिकार स्थापित गर्न सफल भएको वास्तविकतालाई समेत सन्देश बोध गर्ने निष्कर्ष प्रस्तुत लेखको सबल पक्षको रूपमा रहेको छ ।

# सन्दर्भ सामग्रीसूची

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काडमाडौः अक्षर क्रियसन्स, नेपाल

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति श्रष्टा, सबाल्टर्न* , काडमाडौः डिस्कोर्स पब्लिकेसन

श्रेष्ठ, तारालाल (२०७१), *सबाल्टर्न,इतिहास रबोली,* सम्प, राजेन्द्र सुवेदी काठमान्डौः जुगल सैद्धान्तिक नेपाली समालोचना

सुवेदी, अभि (२०७१), *सबाल्टर्न, इतिहास र बाली,* सम्पा,राजेन्द्र सुवेदी काठमाडौः जुगल सैद्धान्तिक नेपाली समालोचना